कोशी प्रदेश सरकार

# मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

## सिटरोल तथा अभिलेख ईकाई

विराटनगर, नेपाल

प.सं. :- ०८३/८४

च.नं. :- ८

मिति :- वि.सं. २०८३/०४/०१

ने.स. :- ११४६ दिल्लाथ्व,३ शुक्रबार

विषयः सम्पत्ती विवरण पेश गर्ने सम्बन्धमा।

श्री आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश, सोमबारे हाट, विराटनगर
श्री आर्थिक मामिला तथा योजना मन्त्रालय, कोशी प्रदेश, शनीहाट चौक, विराटनगर
श्री भौतिक पूर्वाधार विकास मन्त्रालय, कोशी प्रदेश , भेटेरेनरी चौक, विराटनगर
श्री खानेपानी, सिंचाइ तथा ऊर्जा मन्त्रालय, कोशी प्रदेश, भेटेरेनरी रोड, विराटनगर
श्री पर्यटन, वन तथा वातावरण मन्त्रालय, कोशी प्रदेश, दुर्गा चौक, विराटनगर
श्री स्वास्थ्य मन्त्रालय कोशी प्रदेश, देवकोटा चौक, विराटनगर
श्री उद्योग,कृषि तथा सहकारी मन्त्रालय, कोशी प्रदेश, सोमबारे हाट, विराटनगर
श्री सामाजिक विकास मन्त्रालय, कोशी प्रदेश, सोमबारे हाट, विराटनगर
श्री प्रदेश सभा सचिवालय, कोशी प्रदेश, देवकोटा चौक
श्री प्रदेश लोक सेवा आयोग, कोशी प्रदेश, खार्जी चोक
श्री प्रदेश योजना आयोग, कोशी प्रदेश, चाँदनी चौक, विराटनगर
श्री मुख्य न्यायाधिवक्ताको कार्यालय, कोशी प्रदेश, बरगाछी
श्री प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान, कलबलगुरी, झापा।
प्रदेश लगानी प्राधिकरण, कोशी प्रदेश विराटनगर
श्री स्थानीय तह (सबै), कोशी प्रदेश।

कोशी प्रदेश सरकार
आर्थिक मामिला तथा योजना मन्त्रालय
दर्ता नं.: 8
दर्ता मिति: 2083/04/09

प्रस्तुत विषयमा सम्पत्ति विवरण बुझाउने सम्बन्धी विद्यमान कानुनमा प्रत्येक आर्थिक वर्ष समाप्त भएको ६० दिनभित्र आफ्नो सम्पत्ति विवरण बुझाउने दायित्व सम्बन्धित पदाधिकारी/कर्मचारीको हुनेछ भन्ने व्यवस्था रहेको व्यहोरा स्मरणार्थ अनुरोध गर्दै **"आ.व. २०८२/८३ को सम्पत्ति विवरण बुझाउने सम्बन्धी"** भूमि व्यवस्था, सहकारी, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, राष्ट्रिय किताबखाना (निजामती) को मिति २०८३।०३।२४ को **अत्यन्त जरुरी सूचना** (पाना-१) यसैसाथ

संलग्न राखी आवश्यक जानकारीका लागि पठाइएको छ । सम्पत्ति विवरण बुझ्ने/बुझाउने कार्य सोही सूचना बमोजिम गर्नु गराउनु हुन अनुरोध छ । साथै उक्त सूचना एवं सूचनाको बुँदा नं. २ मा उल्लेखित नेपाल राजपत्रमा व्यवस्था भए बमोजिम यस कार्यालयको दायित्वसँग सम्बन्धित विषयमा देहाय बमोजिम गर्नु गराउनु हुनसमेत सम्पत्ति विवरण बुझाउने सबै पदाधिकारी/कर्मचारीहरू तथा बुझ्ने निकायहरूलाई अनुरोध छ ।

<u>देहायः</u>

१. राष्ट्रिय किताबखानाको सूचनाको बुँदा नं. ३ मा उल्लेखित साविकमा सरकारी सेवामा कार्यरत रही कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम संघ, प्रदेश र स्थानीय तहमा समायोजन भएका सरकारी कर्मचारीहरुले साबिक बमोजिम नै राष्ट्रिय किताबखाना (निजामती) मा सम्पत्ति विवरण बुझाउनु पर्नेछ भनिएकोमा प्रदेश तथा स्थानीय तहमा समायोजन भए पश्चात बढुवा, तहवृद्धि वा माथिल्लो पदमा नियुक्त भएतापनि राष्ट्रिय किताबखानाबाट जारी भएकै संकेत नं. प्रयोग गरिरहेका कर्मचारीहरूले समेत राष्ट्रिय किताबखाना (निजामती) मै सम्पत्ति बिवरण बुझाउनु पर्नेछ । (क.सं.नं. जारी गर्ने निकायमा)

२. राष्ट्रिय किताबखानाको सूचनाको बुँदा नं. ४ मा उल्लेखित लोक सेवा आयोगबाट आ.ब. २०७५/७६ मा भएको विज्ञापन वा सो भन्दा पछि भएको विज्ञापन अनुसार सिफारिस भई स्थानीय तहहरुमा नियुक्त भएका कर्मचारीहरुले स्थानीय तह मार्फत प्रदेश मुख्यमन्त्रीको कार्यालयमा सम्पत्ति विवरण बुझाउनु पर्नेछ भनिएकोमा त्यस्ता कर्मचारीहरूले स्थानीय तह मार्फत नभै सिधै मुख्यमन्त्री कार्यालयमा भदौ २९ गते भित्र **PIS PORTAL** मा दर्ता हुने गरी पठाउनु पर्नेछ ।

३. प्रदेश लोक सेवा आयोगबाट सिफारिस भई स्थायी नियुक्ति भएका र प्रदेश किताबखानाबाट संकेत नं प्राप्त गरेका कर्मचारीहरुले आफ्नो सम्पत्ति विवरण सिधै मुख्यमन्त्री कार्यालयमा भदौ २९ गते भित्र **PIS PORTAL** मा दर्ता हुने गरी पठाउनु पर्नेछ ।

४. दुई वा दुई भन्दा बढी संकेत नं प्राप्त गरेका कर्मचारीहरुले पछिल्लो संकेत नं प्राप्त गरेको निकायमा सम्पत्ति बिवरण बुझाउनु पर्नेछ । त्यसरी सम्पत्ति विवरण बुझाउँदा खाममा अघिल्ला संकेत नं समेत अनिवार्य उल्लेख गर्नु पर्नेछ।

५. प्रदेश तथा स्थानीय तहहरुमा स्थायी नियुक्त भएका तर संकेत नं प्राप्त नगरेका कर्मचारीहरुले आफु कार्यरत कार्यालय/निकायमा दर्ता गरी राष्ट्रिय सतर्कता केन्द्रको पोर्टलमा इन्ट्री गर्नु/गराउनु पर्नेछ ।

६. राष्ट्रिय कितावखानाको सूचनाको बुँदा नं. ५ मा उल्लेखित कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम प्रदेश तथा स्थानीय तहमा समायोजन भएका अन्य सेवाका कर्मचारीहरुले (कर्मचारी संकेत नं. प्राप्त गरेका वा नगरेका) आफु कार्यरत कार्यालय/निकायमा दर्ता गरी राष्ट्रिय सतर्कता केन्द्रको पोर्टलमा इन्ट्री गर्नु/गराउनु पर्नेछ ।

७. जनप्रतिनिधि/पदाधिकारीहरू एवं अस्थायी/करारका कर्मचारी/शिक्षक/स्वास्थ्यकर्मीहरूले आफु कार्यरत कार्यालय/निकायमा दर्ता गरी राष्ट्रिय सतर्कता केन्द्रको पोर्टलमा इन्ट्री गर्नु/गराउनु पर्नेछ ।

<u>नोटः-</u> सम्पत्ति विवरण बुझ्ने मन्त्रालय/निकाय/कार्यालय/स्थानीय तहले माथिको सि.नं. ५ देखि ७ सम्म उल्लेख भए अनुसारका पदाधिकारी/कर्मचारीहरूले बुझाएको सम्पत्ति विवरण बन्दी खाम आ.व. शुरु भएको ६० दिन (भदौ २९) भित्र कार्यालयको दर्ता किताबमा दर्ता गरी राष्ट्रिय सतर्कता केन्द्रको पोर्टलमा इन्ट्री गरेपश्चात प्रमाणित इन्ट्री सिट एवं दर्ता विवरण सहित सम्पत्ति विवरण बन्दी खामहरू असोज २८ गतेभित्र मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, कोशी प्रदेशमा बुझाई सक्नुपर्नेछ ।

**"तोकिएको म्यादभित्र सम्पत्ति विवरण पेश नगर्ने राष्ट्रसेवकलाई रू. दश हजार जरिवाना हुने कानूनी व्यवस्था रहेकोछ"**

[illegible]
Dipak Dahal
[illegible]

(दिपक दाहाल)
वरिष्ठ शाखा अधिकृत

नेपाल सरकार
भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
राष्ट्रिय किताबखाना (निजामती)
हरिहरभवन, ललितपुर

## आ.व. २०८२/८३ को सम्पत्ति विवरण बुझाउने सम्बन्धी अत्यन्त जरुरी सूचना

सूचना प्रकाशित मिति २०८३/०३/२४

भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ५० को उपदफा (१) तथा अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३१'क' को उपदफा (१) र निजामती सेवा नियमावली, २०५० को नियम ११८(१) बमोजिम प्रत्येक निजामती कर्मचारी र आ.व.२०८२।८३ मा सेवा निवृत्त भएका कर्मचारीले समेत आर्थिक वर्ष समाप्त भएको मितिले ६० दिनभित्र आफ्नो सम्पत्ति विवरण सम्बन्धित कार्यालय मार्फत राष्ट्रिय किताबखाना (निजामती) मा दर्ता गर्नुपर्ने र सम्पत्ति विवरण बुझाउने दायित्व सम्बन्धित कर्मचारीको हुनेछ भन्ने व्यवस्था भएकोले कानूनले तोकेको समय सिमाभित्र सम्पत्ति विवरण बुझाउन सबै निजामती कर्मचारीलाई अनुरोध गरिन्छ।

(१) नेपाल राजपत्र भाग ५ खण्ड ६० संख्या १ मिति २०६७ बैशाख ६ को नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको सूचना बमोजिम सम्पत्ति विवरण फाराम भरी ४x९ ईन्चको खाम बाहिर देहायको ढाँचामा विवरण उल्लेख गरी पठाउनु पर्नेछ ।

आ.व. २०८२/८३ को सम्पत्ति विवरण

| | |
|---|---|
| क. कर्मचारीको संकेत नम्बर: | ङ. श्रेणी/तह: |
| ख. नाम, थर: | च. कार्यरत कार्यालय: |
| ग. पद/दर्जा: | छ. मोबाइल नं. |
| घ. सेवा/समूह: | ज. ई–मेल ठेगाना: |
| नोट: साविकको पद र संकेत नं (दुई वा सो भन्दा बढी क.स.नं भएको हकमा): | |

(२) सम्पत्ति विवरण बुझाउँदा नेपाल राजपत्र, खण्ड ६८, असार २०, २०७५ (अतिरिक्ताङ्क ११) भाग ५, नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको सूचनामा तोके बमोजिम तत् तत् निकायका पदाधिकारी/कर्मचारीहरुले सोही सूचनामा तोकेको तत् तत् निकायमा सम्पत्ति विवरण बुझाउनु पर्नेछ ।

(३) साविकमा सरकारी सेवामा कार्यरत रही कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम संघ, प्रदेश र स्थानीय तहमा समायोजन भएका सरकारी कर्मचारीहरुले साविक बमोजिम नै राष्ट्रिय किताबखाना (निजामती) मा नै सम्पत्ति विवरण बुझाउनु पर्नेछ ।

(४) लोक सेवा आयोगबाट आ.व. २०७५/७६ मा भएको विज्ञापन वा सो भन्दा पछि भएको विज्ञापन अनुसार सिफारिस भई स्थानीय तहहरुमा नियुक्ति भएका कर्मचारीहरुले स्थानीय तह मार्फत प्रदेश मुख्यमन्त्रीको कार्यालयमा सम्पत्ति विवरण बुझाउनु पर्नेछ ।

(५) कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम प्रदेश तथा स्थानीय तहमा समायोजन भएका अन्य सेवाका कर्मचारीहरुले– कर्मचारी संकेत नम्बर प्राप्त गरेका वा संकेत नम्बर प्राप्त नगरेको भएता पनि आफू कार्यरत कार्यालय मार्फत प्रदेश मुख्यमन्त्रीको कार्यालयमा सम्पत्ति विवरण बुझाउनु पर्नेछ ।

(६) बुँदा नं. २,४ र ५ बमोजिम जिल्ला समन्वय समिति, गाउँपालिका,, नगरपालिका, प्रदेश सरकारका मन्त्रालयहरुमा बुझाएका सम्पत्ति विवरणहरुको अभिलेख तत् तत् निकायले राखि सम्पत्ति विवरण बन्दी खामहरु ३० दिन भित्र प्रदेश मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पेश गरी सक्नुपर्ने र प्रदेश सरकारले संरक्षण एवं व्यवस्थापन ,गर्नुपर्ने छ भन्ने व्यवस्था बमोजिम सम्पत्ति विवरण संकलन र दर्ता गर्ने व्यवस्था गर्नु पर्नेछ ।

(७) अध्ययन,असाधारण र अन्य बिदा, तालिम, काज वा निलम्बनमा रहेका कर्मचारीले समेत सार्वजनिक पद धारण गरेकै अवस्था हुने भएकोले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ५०(१) बमोजिम आर्थिक वर्ष समाप्त भएको ६० दिनभित्र सम्पत्ति विवरण बुझाउनु पर्नेछ । तर भ्रष्टाचार निवारण ऐन २०५९ को दफा ५० को उपदफा (२) को विशेष कारण परेमा सो उल्लेख गरी कार्यालयको सिफारिस सहित निवेदन दिएमा थप ३० दिन भित्र म्याद थपका साथै भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ५० को उपदफा (२क) बमोजिम सम्पत्ति विवरण दर्ता गर्न सकिनेछ ।

(८) निजामती सेवा नियमावली, २०५० को नियम ११८(१) बमोजिम सम्पत्ति विवरण सम्बन्धित कार्यालय मार्फत निजामती किताबखानामा पेश गर्नु पर्नेछ भन्ने व्यवस्था भएकोले सम्पत्ति विवरण दर्ता गर्न व्यक्ति स्वयम् (व्यक्तिगत रुपमा) सम्पत्ति विवरण बुझाउन राष्ट्रिय किताबखाना (निजामती) जानु नपर्ने गरी आफू कार्यरत कार्यालयमा यथाशिघ्र बुझ्ने बुझाउने व्यवस्था गरी सम्बन्धित कार्यालयबाटै एकमुष्ट रुपमा २०८३ साल साउन १ गते देखि ऐ. साल भाद्र २९ गते भित्र नै अनिर्वाय रुपमा राष्ट्रिय किताबखाना (निजामती) मा प्राप्त हुनेगरी छिटो माध्यमबाट पठाउनु पर्नेछ ।

(९) हुलाक वा अन्य माध्यम मार्फत् तोकिएको अवधिभित्र राष्ट्रिय किताबखाना (निजामती) मा प्राप्त भएको सम्पत्ति विवरणहरु PIS मा प्रविष्टि गरी अभिलेख राखिनेछ । तर तोकिएको ६० दिन पछि प्राप्त भएको सम्पत्ति विवरणलाई प्राप्त नभए सरह मानी अभिलेख राखिने छैन र तोकिएको म्यादभित्र सम्पत्ति विवरण पेश नगर्ने राष्ट्रसेवकलाई १०,००० (दश हजार) जरीवाना हुने व्यहोरा समेत जानकारी गराईन्छ ।

*नोट:-सूचनाको बुदा नं.२ बमोजिमको राजपत्र यसै विभागको website मा upload गरीएकोले हेर्न र पढ्न सकिनेछ ।*

महानिर्देशक

# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ६८) काठमाडौं, असार २० गते, २०७५ साल (अतिरिक्ताङ्क ११

## भाग ५

नेपाल सरकार

## प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको

## सूचना

नेपाल सरकारले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ५० को उपदफा (१) तथा अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन,२०४८ को दफा ३१क. को उपदफा (१) को प्रयोजनका लागि खण्ड ६०, सङ्ख्या १, मिति २०६७।०१।०६ को नेपाल राजपत्र

भाग ५ मा प्रकाशित प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको सूचना खारेज गरी सार्वजनिक पद धारण गरेका व्यक्तिहरूले यसैसाथ संलग्न ढाँचामा आफ्नो वा आफ्नो परिवारको नाममा रहेको सम्पत्तिको स्रोत वा निस्सा सहितको अद्यावधिक विवरण पेश गर्न देहाय बमोजिमको निकाय तोकेकोले यो सूचना प्रकाशन गरिएको छ :-

| क्र.सं. | सार्वजनिक पद | विवरण पेश गर्नुपर्ने निकाय |
|---|---|---|
| १. | राष्ट्रपति, उपराष्ट्रपति | राष्ट्रपतिको कार्यालय |
| २. | प्रधानमन्त्री, उपप्रधानमन्त्री, मन्त्री, राज्यमन्त्री र सहायक मन्त्री | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय |
| ३. | प्रतिनिधि सभाका सभामुख, उपसभामुख, सदस्य तथा पदाधिकारीहरू, राष्ट्रिय सभाका अध्यक्ष, उपाध्यक्ष, सदस्य तथा पदाधिकारीहरू, सङ्घीय संसदका महासचिव, प्रतिनिधि सभा र राष्ट्रिय सभाका सचिवहरू | सङ्घीय संसदको सचिवालय |
| ४. | संवैधानिक निकायका पदाधिकारी तथा सदस्यहरू | संवैधानिक परिषद्को सचिवालय |
| ५. | महान्यायाधिवक्ता | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय |

| | | |
|---|---|---|
| ६. | राष्ट्रपतिबाट मनोनीत तथा नियुक्त अन्य पदाधिकारी | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय |
| ७. | उपराष्ट्रपतिबाट मनोनीत तथा नियुक्त अन्य पदाधिकारी | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय |
| ८. | निजामती सेवाका कर्मचारी | राष्ट्रिय किताबखाना |
| ९. | नेपाल सरकारबाट नियुक्त अन्य आयोगका प्रमुख एवं सदस्यहरू | सम्बन्धित मन्त्रालय |
| १०. | नेपाली सेना | सैनिक अभिलेखालय |
| ११. | नेपाल प्रहरी, सशस्त्र प्रहरी बल नेपाल, विशेष सेवाका कर्मचारी र राष्ट्रिय सतर्कता प्रहरी | राष्ट्रिय किताबखाना |
| १२. | राष्ट्रिय योजना आयोगका उपाध्यक्ष तथा सदस्यहरू | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय |
| १३. | नेपाली राजदूत तथा विशेष प्रतिनिधि | परराष्ट्र मन्त्रालय |
| १४. | नेपाल सरकारबाट मनोनीत तथा नियुक्त अन्य पदाधिकारी | सम्बन्धित मन्त्रालय |
| १५. | नेपाल सरकारको पूर्ण वा आंशिक स्वामित्व वा नियन्त्रण भएको कम्पनी, बैङ्क, समिति वा प्रचलित कानूनबमोजिम नेपाल सरकारद्वारा स्थापित आयोग, | सम्बन्धित मन्त्रालय |

| | | |
|---|---|---|
| | संस्थान, प्राधिकरण, निगम, प्रतिष्ठान, बोर्ड, केन्द्र, परिषद् र यस्तै प्रकृतिका अन्य सङ्गठित संस्थाका पदाधिकारी तथा निजामती बाहेकका कर्मचारी | |
| १६. | नेपाल सरकारद्वारा सञ्चालित वा नेपाल सरकारको पूर्ण वा आंशिक अनुदान प्राप्त विश्वविद्यालय, महाविद्यालय, अनुसन्धान केन्द्र र अन्य त्यस्तै प्राज्ञिक वा शैक्षिक संस्थाका पदाधिकारी तथा कर्मचारी | सम्बन्धित मन्त्रालय |
| १७. | नेपाल सरकारद्वारा सञ्चालित वा नेपाल सरकारको पूर्ण वा आंशिक अनुदान प्राप्त विद्यालयका पदाधिकारी, शिक्षक तथा कर्मचारी | राष्ट्रिय किताबखाना |
| १८. | प्रदेश प्रमुखहरू | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय |
| १९. | प्रदेश सरकारका मुख्यमन्त्री, मन्त्री, राज्य मन्त्री लगायतका पदाधिकारीहरू | सम्बन्धित प्रदेश मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय |
| २०. | प्रदेशसभाका सभामुख, उपसभामुख, सदस्य लगायतका पदाधिकारीहरू | सम्बन्धित प्रदेश सभाको सचिवालय |

| | | |
|---|---|---|
| २१. | प्रदेशका मुख्य न्यायाधिवक्ताहरू | सम्बन्धित प्रदेश मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय |
| २२. | प्रदेश लोकसेवा आयोगका अध्यक्ष एवं पदाधिकारीहरू | सम्बन्धित प्रदेश मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय |
| २३. | प्रदेश सरकारबाट मनोनीत तथा नियुक्त अन्य पदाधिकारीहरू | सम्बन्धित प्रदेश मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय |
| २४. | जिल्ला समन्वय समितिको प्रमुख, उपप्रमुख तथा जिल्ला समन्वय समितिबाट नियुक्त भएका अन्य पदाधिकारी तथा कर्मचारीहरू | सम्बन्धित जिल्ला समन्वय समितिको कार्यालय |
| २५. | नगर कार्यपालिकाको प्रमुख तथा उपप्रमुख, गाउँ कार्यपालिकाको अध्यक्ष तथा उपाध्यक्ष, वडाध्यक्ष, गाउँ तथा नगर कार्यपालिकाको सदस्य तथा वडा सदस्य लगायतका स्थानीय तहका पदाधिकारी तथा कर्मचारीहरू (निजामती र स्थायी शिक्षक बाहेक) | सम्बन्धित स्थानीय तहको कार्यालय |

| | | |
|---|---|---|
| २६. | नेपाल सरकारको ऋण, अनुदान वा जमानतमा सञ्चालित संस्थाका पदाधिकारी तथा कर्मचारीहरू | सम्बन्धित मन्त्रालय |
| २७. | क्र.सं. १५, १६, १७ र २६ मा उल्लिखित संस्थाको पूर्ण वा आंशिक स्वामित्व भएको वा नियन्त्रण रहेको वा त्यस्तो संस्थाबाट अनुदान प्राप्त संस्थाका पदाधिकारी तथा कर्मचारीहरू | सम्बन्धित मन्त्रालय |
| २८. | क्र.सं. १ देखि १७ सम्म र २६ र २७ मा उल्लेख गरिएदेखि बाहेक सार्वजनिक पद धारण गरेका नेपाल सरकार मातहतका अन्य पदाधिकारी तथा कर्मचारीहरू | सम्बन्धित मन्त्रालय |
| २९. | प्रदेश प्रमुखको कार्यालयमा कार्यरत निजामती बाहेक अन्य पदाधिकारी एवं कर्मचारीहरू | सम्बन्धित प्रदेश प्रमुखको कार्यालय |
| ३०. | क्र.सं. १९ देखि २३ सम्म उल्लेख गरिएदेखि बाहेक प्रदेश सरकार मातहतका सार्वजनिक पद धारण गरेका अन्य पदाधिकारी तथा कर्मचारी | सम्बन्धित प्रदेश मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय |
| ३१. | नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी सार्वजनिक | सोही सूचनामा तोकिएको निकाय |

| | | |
|---|---|---|
| | संस्था भनी तोकेका अन्य संस्थाका पदाधिकारी तथा कर्मचारी | |

<u>पुनश्च</u>:

१. क्र.सं.१ देखि ३१ सम्मका पदाधिकारी तथा कर्मचारीहरूको सम्पत्ति विवरण बुझाए वा नबुझाएको अभिलेखको जानकारी सम्पत्ति विवरण राखेको निकायले सम्पत्ति विवरण बुझाउन तोकेको अन्तिम म्याद सकेको दुई महिनाभित्र अनिवार्य रूपमा राष्ट्रिय सतर्कता केन्द्रमा छिटो साधनद्वारा उपलब्ध गराउनु पर्नेछ ।

२. जिल्ला समन्वय समिति, गाउँपालिका, नगरपालिका र प्रदेश सरकारको मन्त्रालयमा पेश भएका सम्पत्ति विवरणहरूको अभिलेख तत् तत् निकायले राखी सम्पत्ति विवरण बन्दी खामहरू तीस दिनभित्र प्रदेश मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पेश गरिसक्नु पर्नेछ र त्यस्ता सम्पत्ति विवरण प्रदेश सरकारले संरक्षण एवं व्यवस्थापन गर्नु पर्नेछ ।

३. सार्वजनिक पद धारण गरेको पदाधिकारी र कर्मचारीहरूले बुझाउनुपर्ने सम्पत्ति विवरण समयमै बुझाउन लगाउने, बुझाएका सम्पत्ति विवरण तोकिएको निकायमा पठाउने र सम्पत्ति विवरण बुझाउने र नबुझाउने पदाधिकारी तथा कर्मचारीहरूको विवरण समयमा नै उपलब्ध गराउने जिम्मेवारी र कर्तव्य सम्बन्धित निकायको प्रमुखको हुनेछ ।

*(भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ५० को उपदफा (१) तथा अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३१क. को उपदफा (१) को प्रयोजनका लागि)*

## सम्पत्ति विवरण फाराम

सार्वजनिक पद धारण गरेको व्यक्तिको नाम, थर :

पद : विवरण पेश गरेको निकाय :

कार्यालय :

विवरण पेश गरेको आ.व. :

**स्थायी ठेगाना :**

जिल्ला : गा.पा./न.पा : वडा नं.: टोल :

**हाल बसोबास गरेको ठेगाना :**

जिल्ला : गा.पा./न.पा : वडा नं.: टोल :

कर्मचारी भए सङ्केत नम्बर : स्थायी लेखा नं. :

### १. अचल सम्पत्तिको विवरण :

**(क) घर:**

| क्र. सं. | घर धनीको नाम | घर र घरले चर्चेको जग्गाको विवरण | | | | | खरिद गरेको भए खरिद मूल्य | प्राप्तिको स्रोत | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | जिल्ला | गा.पा./ न.पा. | वडा नं. | कित्ता नं. | क्षेत्रफल (वर्गमीटर) | | | |
| | | | | | | | | | |

**(ख) जग्गा :**

| क.सं | जग्गा धनी को नाम | जग्गाको विवरण | | | | | खरिद गरेको भए खरिद मूल्य | प्राप्तिको स्रोत | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | जिल्ला | गा.पा. / न.पा. | वडा नं. | कित्ता नं. | क्षेत्रफल | | | |
| | | | | | | | | | |

## २. चल सम्पत्तिको विवरण :

**(क) नगद, सुन, चाँदी, हिरा, जवाहरात :**

| क.सं. | विवरण | परिमाण | प्राप्ति मिति | खरिद गरेको भए खरिद मूल्य | प्राप्तिको स्रोत | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |

**(ख) बैङ्क, वित्तीय संस्था तथा सहकारी संस्थामा रहेको खाताको विवरण :**

| क. सं. | खातावालाको नाम | संस्थाको नाम र ठेगाना | खाता नं. | मौज्दात रकम | प्राप्तिको स्रोत | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |

(ग) धितोपत्र, शेयर वा ऋण पत्रको विवरण :

| क्र. सं. | शेयर धनीको नाम, थर | कम्पनीको नाम, ठेगाना | शेयर/ ऋण पत्रको किसिम | शेयर/ऋण पत्रको विवरण | | प्राप्तिको स्रोत | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | सङ्ख्या | रकम | | |
| | | | | | | | |

(घ) ऋण लिए/दिए/तिरेको विवरण :

| क्र. सं. | ऋण लिने/दिने/ तिर्ने व्यक्ति/ संस्थाको नाम, ठेगाना | ऋण | | | ऋण लिए/दिए /तिरेको रकम | ऋण लिए/दिए/ तिरेको मिति | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | लिएको | दिएको | तिरेको | | | |
| | | | | | | | |

(ङ) सवारी साधन (अटोमोबाईलको हकमा मात्र) को विवरण :

| क्र.सं. | सवारी धनीको नाम | सवारीको किसिम र नम्वर | खरिद मूल्य | खरिद मिति | प्राप्तिको स्रोत | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |

३. कृषि तथा पशुधन(घरजग्गा बाहेक) को विवरण :

| क्र.सं. | विवरण | सङ्ख्या | खरिद मूल्य | प्राप्त मिति | प्राप्तिको स्रोत | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |

## ४. अन्य सम्पत्ति विवरण :

| क्र.सं. | विवरण | खरिद मूल्य | प्राप्त मिति | प्राप्तिको स्रोत | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |

मैले जाने बुझेसम्म माथि लेखिए बमोजिमको विवरण ठीक छ । फरक पर्ने छैन ।

नाम :

पद :

दस्तखत :

मिति :

द्रष्टव्य : अघिल्लो आर्थिक वर्षमा पेश गरेको सम्पत्ति विवरणमा थपघट भएको विवरण यसै बमोजिमको फाराममा भरी पेश गर्नु पर्नेछ ।

**आज्ञाले,**
**बुद्धिबहादुर खड्का**
**सचिव**



मुद्रण बिभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रू १०।-
गो.हु.द.नं. १६।२०६२।६३